नेपाल सरकार

# निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन

## जिल्ला कार्य समिति मोरङ

मितिः २०७८/०२/०५

### प्रेस विज्ञप्ति

बुढीगंगा गाउँपालिका स्थित विराट मेडिकल कलेजमा मिति २०७८/०२/०३ गते राती स्वास्थ्य कर्मीहरुमाथि दुर्व्यवहार तथा कुटपिट भएको भनि विभिन्न सामाजिक संजालहरुवाट थाहा हुन आएको हुँदा उक्त घटना प्रति यस संस्थाको गम्भिर ध्यानाकर्षण भएको छ ।

कोभिडको यस महामारीमा सिंङ्गो देशनै जुधिरहेको अवस्थामा विरामीको उपचारमा आफ्नो घर परिवार नभनी रात दिन खट्नु हुने स्वास्थ्य कर्मीहरु प्रति भएको यस अमानविय कार्यको घोर भत्सर्ना गर्दै निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन मोरङ दुःख व्यक्त गर्दछ ।

कोभिडको यस महामारीमा स्वास्थ्य कर्मीहरुको मनोवल बढाउनुको सट्टा कुटपिट तथा दुर्व्यवहार जस्ता अपराधिक कार्यमा संलग्न हुने दोषीहरुलाई कानून बमोजिम कडा कारवाही गर्न र विरामीको उपचारमा अहोरात्र खटिने सरकारी एवं निजी क्षेत्रका स्वास्थ्य कर्मीहरुको सूरक्षाको पुर्ण ग्यारेन्टी गर्न समेत नेपाल सरकार समक्ष यो संस्था माग गर्दछ । साथै यस महामारीमा आफ्नो जीवनलाइ जोखिममा राखेर रात दिन खट्नु हुने सवै स्वास्थ्य कर्मीहरुलाई विमाको आवश्यक व्यवस्था र जोखिम भत्ता उपलव्ध गराउन सरकार समक्ष यो संस्था जोडदार माग गर्दछ ।

२०७८।२।५

फणीन्द्रनाथ अधिकारी

अध्यक्ष